# धार्चे गाउँपालिकाको बजेट बक्तव्य

## आ.व. २०७७।०७८

धार्चे गाउँकार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा

सम्पर्क नं. ९८५१०१९३५३

टोल फ्रि नं. १६६००१७६५५५

इ-मेल — rmdharche@gmail.com

बेबसाइट — www.dharchemun.gov.np

उपस्थित सम्मानित अध्यक्ष ज्यू,

गाउँसभा सदस्यज्यूहरु,
राष्ट्र सेबक कर्मचारीहरु

१. आज मिति २०७७।३।१० गतेका दिन विद्यमान विषम परिस्थिति बीच आगामी आर्थिक वर्ष २०७७/७८ को वजेट प्रस्तुत गर्न गैरहेकी छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरु तथा नेताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिक्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तीको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।
२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भइरस (कोभिड १९) को कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । यस महामारीवाट उत्पन्न भएको संकटले सम्पूर्ण विश्वको आर्थिक कृयाकलापलाई ठप्प वनाई अर्थतन्त्रमा नराम्रो असर परेको छ भने परिणाम स्वरुप हाम्रो जस्तो मुलुकको अर्थतन्त्रमा समेत गम्भीर असर परिरहेको छ ।
३. अहिलेको यस विषम अवस्थामा मैले धार्चे गाउँपालिकाको तेस्रो आर्थिक वर्षको वजेट प्रस्तुत गरि रहँदा कोरोनावट धार्चे वासी नागरिकको जीवन रक्षा गर्दै विगत दूई वर्षको उपलव्धीलाई टेकेर आर्थतन्त्रलाई थप वलियो वनाउनलाई यस ठाँउको समग्र विकासको लागि सवै जनप्रतिनिधि, राजनैतिक दल, संघ संस्था र आम नगरिकहरु विचको एकता र सहयोगले मात्र वर्तमान चुनौतीको सामना गर्दै अगडी वढ्न सकिन्छ भन्ने विश्वास लिएको छु ।
४. सम्मानित गाउँ सभाका सभाअध्यक्ष महोदय, गाउँ सभाका सम्पुर्ण सदस्य ज्युहरु, पत्रकार ज्यूहरु, बुद्धिजीवी, समाज सेवी, राष्ट्रसेवक कर्मचारीहरुमा धार्चे गाउँपालिकाको उपाध्यक्षको तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्दै गर्दा यस गरीमामय सम्मानित गाउँ सभा समक्ष स्थानिय तहको निर्वाचन पछिको चौथो आ.व. २०७७/०७८ को वार्षिक वजेट प्रस्तूत गर्न पाउँदा खूशी तथा गौरबको अनूभव गरेको छु ।
५. वजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको बर्तमान संविधान र कानुन, सम्मानीत संसदलले पारित गरेका नीति तथा कार्यक्रम, विनियोजन विधेयक २०७७ को सिद्धान्त, नेपाल सरकारको “सूखी नेपाली समृद्ध नेपाल”को नारा साकार पार्न संघीय सरकार तथा प्रदेश सरकारको बजेट वक्तब्य २०७७, पन्चबर्षिय योजनाको आधारपत्रमा उल्लेखित लक्ष्य, नीति, रणनीति, दिगो विकास लक्ष्य, नीति, रणनीतिक योजना, संघीय सरकारले गरेको सन्धि संझौता, निर्देशक सिद्धान्त, नीति तथा दायित्व साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिपत्र तथा अर्थ मन्त्रालयबाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन, संघीय सरकार तथा गण्डकी प्रदेश सरकारको बजेट २०७७, संघीय तथा गण्डकी प्रदेश सरकारको ऐन, नियमावली, परिपत्र, सम्मानित सभाबाट पारीत भएको नीति तथा कार्यक्रम २०७७, आर्थिक ऐन २०७७, स्थानिय तह निर्वाचन २०७४ मा जनता समक्ष गरीएका प्रतिबद्धता, स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको ब्यवस्था, धार्चे गा पा भित्र कृयाशील राजनीतिक पार्टीहरुको घोषणा पत्र र धार्चे गाउपालिकाको

आबधिक योजनाको दूरदृष्टि “सून्दर सूरक्षित समृद्ध धार्चे” समेतलाई आधारमानी सिमीत साधन श्रोत, असीमीत ईच्छा आकांक्षा र आवश्यकतालाई साधन श्रोतले भ्याए सम्म धार्चे गाउपालिका गौरबाको योजना, नीति कार्यक्रमले समेटेका तथा व्यवस्था गरेका नीति तथा कार्यक्रमलाई मध्यनजर गरी समानूपातिक, समावेशी, समन्यायिक, न्यायोचित र वैज्ञानिक ढगले बजेट व्यवस्था गर्ने प्रयास गरेको छु ।

६. आगामी अर्थिक वर्ष २०७७/०७८ को वजेटको उद्देश्य तथा प्रथामित्का निम्नानुसार रहेका छन्ः

क) धार्चे गाउँपालिकामा संक्रामक लगाएत सवै प्रकारको रोग र विपद् बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित वनाउने,

ख) सिमित स्रोतको माध्यमवाट उपलव्ध साधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी आर्थिक क्षेत्रको सुदृढीकरण गर्दै विकास निर्माणको गतीलाई निरन्तरता दिई समृद्ध धार्चे वनाउने,

ग) स्थानिय सरकारको भुमिकामा वृद्धि गर्दै लोक कल्याणकारी व्यवस्था स्थापना गरि नागरिकको मौलिक हक, अधिकार सुनिश्चितता गर्ने ।

८. वजेटका उद्देश्य हासिल गर्न देहाय अनुसार क्षेत्रगत कार्यक्रमगत प्राथमिकता रहेका छन् -

क) कोरोना लगाएत सवै प्रकारका स्वास्थ्य जोखिमवाट धार्चेवासीलाई सुरक्षीत राख्न र गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ वनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्यको पूवाधार निमार्ण तथा स्तरोन्नती,

ख) कोरोना भाइरस सक्रमण फैलिन नदिनको लागि चालिएका कदमवाट आर्थिक लगायत अन्य क्षेत्रमा परेको गहिरो प्रभाववाट पुनर्उत्थान गरी धार्चेवासीको लागि रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित नीजि आवास, कृषि, उद्योग पर्यटन लगायत क्षेत्रको विकास,

ग) विकासमा शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा योजना कार्यान्वयन, गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानी, गुणस्तरीय तथा पहुँचयुक्त सेवा, उत्तरदायी तथा पारदर्शी शासन व्यवस्थाको सुदृढीकरण ।

अध्यक्ष महोदय,

अब म आम्दानी तर्फ आ.ब.२०७५/०७६ को यथार्थ आम्दानी प्रस्तूत गर्न अनूमति चाहन्छु।

| आय तर्फ | | |
|---|---|---|
| **क.सं.** | **विवरण** | **रकम रु.** |
| १ | क. गत आ.व.को जिम्मेवारी | २,५०,८६,६७६।८४ |
| २ | ख. धरौटी खाता अल्याह | १,२३,७५० |
| ३ | नेपालसरकारबाट वित्तिय हस्तान्तरण | |
| | क. संघिय सरकारबाट वित्तीय समानीकरण अनुदान | ८,४१,००,००० |
| | ख. संघिय सरकारबाट प्राप्त सशर्त अनुदान | ८,२०,३१,००० |

| | | |
|---|---|---|
| ४ | संघीयसरकारबाट प्राप्त राजश्व बाडफाँड | ४,९३,३२,११९।४३ |
| ५ | प्रदेशसरकारबाट प्राप्त राजश्व बाडफाँढ | १७,२५,८०२ |
| ६ | आन्तरिक आम्दानी | ३८,५९,१७१।१० |
| ७ | प्रदेशसरकार ४ समानीकरण अनुदान | १,१२,२८,००० |
| ८ | नेपालसरकारबाट सोझै अन्तरसरकारी अख्तियारीबाट प्राप्त रकम | ४,४०,७१,६५२ |
| ९ | धरौटी आम्दानी | १२,८७,१०५ |
| १० | चालुबर्षमा कर्मचारी कल्याणकारी कोष आम्दानी | ५,००,००० |
| | क. गत बर्ष मर्मत सम्भार कोष अल्या. | २२,७०,६३८ |
| | ख. गत बर्षदैवी प्रकोप र विपद कोष अल्या. | ५०,००,००० |
| | ग. दैवीप्रकाप कोषमा चालु बर्षमा आम्दानी | १०,००,००० |
| **जम्मा** | | **३१,१६,१५,९१४।४०** |

जम्मा आम्दानी - ३१ करोड १६ लाख १५ हजार ९ सय १४ रुपैंया ४० पैसा ।

**अध्यक्ष महोदय,**

अब म आ.ब. २०७५।०७६ को यथार्थ खर्च प्रस्तूत गर्न अनूमति चाहन्छु।

| **व्यय तर्फ** | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम रु.** |
| १ | सशर्त अनुदान चालु खर्च | ६,८१,८७,०६५।१० |
| २ | सशर्त अनुदान पूजीगत खर्च | ३७,३९,७९४ |
| ३ | वित्तीय समानीकरण तथा आन्तरिक आयबाट भएको खर्च | |
| | क.चालुखर्च गाँउपालिका | ४,५३,३९,०१७।४४ |
| | ख. चालुखर्च कृषि | ५२,३८,४५५ |
| ४ | सर्शतअनुदान बाँकी रकम संचितकोष खातामा दाखिला फिर्ता | ५,६०० |
| | क.पुँजीगतखच गाउँपालिका | ७,०९,९३,६५१ |
| | ख. पुजीगतखर्च स्वास्थ्य | १५,००,००० |
| | ग. पुजीगतखर्च कृषि | १६,५५,२५९ |
| ५ | नेपाल सरकारबाट सोझै अन्तरसरकारी अख्तियारीबाट खर्च | ४,४०,७१,६५२ |
| | सर्शत अनुदान निकासा फिर्ता | १,००,९८,५४०।९ |

| | | |
|---|---|---|
| ६ | धरौटी फिर्ता | ९,००,००० |
| ७ | अन्तिम मौज्दात जिम्मेवारी | |
| | क. गाँउपालिका सञ्चित कोष | ५,०६,०५,३८६।९३ |
| | ख. कर्मचारी कल्याण कोष | ५,००,००० |
| | ग. मर्मतसम्भार कोष | २२,७०,६३८ |
| | घ. दैवीप्रकोप/विपद कोष | ६०,००,००० |
| | ङ. धरौटी मौज्दात बाँकी | ५,१०,८५५ |
| | **जम्मा खर्च** | **३१,१६,१५,९१४।४०** |

जम्मा खर्च - ३१ करोड १६ लाख १५ हजार ९ सय १४ रुपैंया ४० पैसा ।

**अध्यक्ष महोदय,**

अब म आम्दानी तर्फ आ.व.२०७६।०७७ को यथार्थ आम्दानी प्रस्तुत गर्न अनूमति चाहन्छु।

आम्दानी तर्फ आ.व २०७६।७७ को २०७७ असार ९ गते सम्म

| सि.नं. | स्रोत | प्रासिको विधि | आम्दानी |
|---|---|---|---|
| १ | नेपाल सरकारः१३३११-समानिकरण अनुदान | नगद अनुदान | ८,९४,००,००० |
| २ | नेपाल सरकारः१३३१२-शसर्त अनुदान चालु | नगद अनुदान | १०,२६,८२,००० |
| ३ | गण्डकी प्रदेशः१३३११-समानिकरण अनुदान | नगद अनुदान | १,२०,५८,००० |
| ४ | गण्डकी प्रदेशः१३३१६-समपुरक अनुदान चालु | नगद अनुदान | २९,००,००० |
| ५ | राजस्व बाँडफाँड-संघीय सरकारः१००२०-राजस्व बाँडफाँड | नगद | ४,०९,३०,७१०.७५ |
| ६ | आन्तरिक श्रोतः१००१०-आन्तरिक श्रोत | नगद | ५,६०,०२,५४४.३३ |
| | | जम्मा | ३०,३९,७३,२५५.०८ |

जम्मा — ३० करोड ३९ लाख ७३ हजार २ सय ५५ रुपैंया ८ पैसा ।

त्यस्तै गरी अब म आ.व. २०७६।०७७ को यथार्थ खर्च प्रस्तुत गर्न अनूमति चाहन्छु।

**आम्दानी तर्फ आ.व २०७६।०७७ को २०७७ असार ९ गते सम्म**

| सि.नं. | स्रोत | प्रासिको विधि | खर्च |
|---|---|---|---|
| १ | नेपाल सरकारः १३३११-समानिकरण अनुदान | नगद अनुदान | ६,६०,४४,०१२।१९ |

| | | | |
|---|---|---|---|
| २ | नेपाल सरकारः १३३१२-शसर्त अनुदान चालु | नगद अनुदान | ४,१९,७९,३९३।७० |
| ३ | राजस्व बाँडफाँड - संघीय सरकारः १००२०-राजस्व बाँडफाँड | नगद | २,४९,४४,२६७।५२ |
| ४ | आन्तरिक श्रोतः १००१०-आन्तरिक श्रोत | नगद | ९२,९८,४७४।३१ |
| | | जम्मा | १४,२२,६६,१४७।७२ |

जम्मा — १४ करोड २२ लाख ६६ हजार १ सय ४७ रुपैंया ७२ पैसा ।

अध्यक्ष महोदय

खर्च तर्फ आ.व.२०७६।०७७ को २०७७ असार ९ गते सम्म (चालु खर्चमा)

| **शीर्षक** | **बार्षिकबजेट** | **खर्च** | **खर्च(%)** |
|---|---|---|---|
| **चालु** | १७,४१,८६,२२५.५७ | ७,२७,३१,२०१.२२ | ४१.७५ |
| पारिश्रमिक कर्मचारी | ७,२८,११,९५४.०० | ४,०४,०२,३८६.२० | ५५.४९ |
| २१११२पारिश्रमिक पदाधिकारी | ६०,००,०००.०० | २०,२८,०००.०० | ३३.८ |
| २११२१पोशाक | १६,३०,०००.०० | ३,२५,०००.०० | १९.९४ |
| २११३१स्थानीय भत्ता | ५१,४६,०००.०० | ८,४१,०५२.०० | १६.३४ |
| २११३२महंगी भत्ता | २१,२०,०००.०० | ६,०१,५३४.०० | २८.३७ |
| २११३३फिल्ड भत्ता | ७०,०००.०० | | |
| २११३४कर्मचारीको बैठक भत्ता | ३,००,०००.०० | १३,५००.०० | ४.५ |
| २११३५कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५०,०००.०० | | |
| २११३९अन्य भत्ता | ६,७०,०००.०० | ८६,०२१.०० | १२.८४ |
| २११४१पदाधिकारी बैठक भत्ता | ३,००,०००.०० | | |
| २११४२पदाधिकारीअन्य सुबिधा | २,१०,०००.०० | | |
| २१२१२कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १४,००,०००.०० | | |
| २१२१३कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २,००,०००.०० | | |
| २१२१४कर्मचारी कल्याण कोष | १०,००,०००.०० | | |
| २२१११पानी तथा बिजुली | ५०,०००.०० | ३,३०१.०२ | ६.६ |
| २२११२संचार महसुल | ११,०८,०००.०० | ८६,३०२.०० | ७.७९ |

| | | | |
|---|---|---|---|
| २२११३सार्वजनिक उपयोगिताको सेवा खर्च | ३०,०००.०० | | |
| २२२११इन्धन (पदाधिकारी) | ५,००,०००.०० | १,३४,९३९.०० | २६.९९ |
| २२२१२इन्धन (कार्यालय प्रयोजन) | २,००,०००.०० | १,०५,१३०.०० | ५२.५७ |
| २२२१३सवारी साधन मर्मत खर्च | १०,००,०००.०० | ३,४५,३७३.५० | ३४.५४ |
| २२२१४बिमा तथा नवीकरण खर्च | १,५०,०००.०० | २४,०१५.३० | १६.०१ |
| २२२२१मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,००,०००.०० | २९,०२७.०० | ९.६८ |
| २२३११मसलन्द तथा कार्यालय सामाग्री | ५०,१७,०००.०० | ७,३०,०१७.०० | १४.५५ |
| २२३१३पुस्तक तथा सामग्री खर्च | १४,३७,०००.०० | १२,०२,०८९.७० | ८३.६५ |
| २२३१४इन्धन - अन्य प्रयोजन | १,५०,०००.०० | | |
| २२३१५पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,०००.०० | ४,९९,७७०.०० | ४९.९८ |
| २२४१२सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००.०० | | |
| २२४१३करार सेवा शुल्क | ९४,००,०००.०० | ६५,३४,६५६.०० | ६९.५२ |
| २२५११कर्मचारी तालिम खर्च | १०,८०,०००.०० | | |
| २२५१२सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ६०,८५,६५७.०० | ११,७७,४०२.०० | १९.३५ |
| २२५२१उत्पादन सामग्री / सेवा खर्च | १८,५०,०००.०० | | |
| २२५२२कार्यक्रम खर्च | १,९७,३९,४८२.५७ | २७,४४,०३५.०० | १३.९ |
| २२५२९विविध कार्यक्रम खर्च | ६,५४,०००.०० | १,००,०००.०० | १५.२९ |
| २२६११अनुगमन, मूल्यांकन खर्च | ४१,७५,०००.०० | २१,२३,०६८.०० | ५०.८५ |
| २२६१२भ्रमण खर्च | ३,००,०००.०० | ६८,७००.०० | २२.९ |
| २२७११विविध खर्च | ५७,९६,८३८.०० | २२,७१,१२४.५० | ३९.१८ |
| २२७२१सभा सञ्चालन खर्च | ८,००,०००.०० | | |
| २५१११गैर वित्तीय संस्थानहरूलाई चालु सहायता | १,१६,३७,०००.०० | ६८,३०,०००.०० | ५८.६९ |
| २५३१५अन्य सस्था सहायता | ४,००,०००.०० | १,५०,०००.०० | ३७.५ |
| २७२११छात्रवृत्ति | ४०,३६,०००.०० | २१,००,०००.०० | ५२.०३ |
| २७२१३औषधीखरिद खर्च | ३१,३५,०००.०० | ३,००,०००.०० | ९.५७ |

| | | | |
|---|---|---|---|
| २७२१९अन्य सामाजिक सहायता | २,००,३०६.०० | ५०,०००.०० | २४.९६ |
| २८१४२घरभाडा | ८,००,०००.०० | ४,१०,२६५.०० | ५१.२८ |
| २८१४९अन्य भाडा | ४,००,०००.०० | ६७,५०५.०० | १६.८८ |
| २८२१९अन्य फिर्ता | ३,४६,९८८.०० | ३,४६,९८८.०० | १००.०० |
| **जम्मा** | **१७,४१,८६,२२५.५७** | **७,२७,३१,२०१.२२** | **४१.७५** |

चालु खर्च जम्मा –७ करोड २७ लाख ३१ हजार २ सय १ रुपैंया २२ पैसा ।

जून चालू खर्च कूल बजेटको ४१.७५ प्रतिशत हुन आउने सम्मानित गाँउ सभा समक्ष जानकारी गराउँदछु । गत आ.व. को तुलनामा यस चालु आ.व.मा शसर्त चालु खर्च कम देखिन्छ ।

सम्मानित गाउसभाका अध्यक्ष ज्यू,

**पुँजीगत तर्फ खर्च आ.ब.२०७६।०७७ को २०७७ असार ९ गते सम्म**

| **शीर्षक** | **बार्षिक बजेट** | **खर्च** | **खर्च(%)** |
|---|---|---|---|
| **पूंजीगत** | | | |
| ३१११११ आवासीय भवन निर्माण/ खरिद | १३,७९,३३,७५२.२७ | २,५५,०५,६०५.०४ | १८.४९ |
| ३१११२ गैर आवासीय भवननिर्माण/ खरिद | २,५०,०००.०० | | |
| ३१११४ जग्गा विकास कार्य | १,०८,००,०००.०० | २२,८६,९७६.३१ | २१.१८ |
| ३११२२ मेशिनरी तथा औजार | १,१०,१६,३७३.०० | ४,८०,०००.०० | ४.३६ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ४२,९४,२६७.५७ | १,५०,०००.०० | ३.४९ |
| ३११३५ पूँजीगत परामर्श खर्च | ३०,५०,७३५.४३ | १८,०९,२२५.०० | ५९.३ |
| ३११५१ सडक तथा पूल निर्माण | ८,००,०००.०० | | |
| ३११५३ विद्युत संरचना निर्माण | १,१२,२५,१९२.०० | | |
| ३११५५ सिंचाई संरचना निर्माण | ८,००,०००.०० | | |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५,००,०००.०० | | |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ६,४९,३२,१८४.२७ | १,९९,१४,८९३.७३ | ३०.६७ |
| ३१४११ जग्गाप्राप्ति खर्च | २४,५०,०००.०० | | |
| ३१५११ भैपरी आउने पूँजीगत | ९,००,०००.०० | | |
| जम्मा | २,६९,१५,०००.०० | ८,६४,५१०.०० | ३.२१ |

अक्षेरुपी - २ करोड ५५ लाख ५ हजार ६ सय ५ रुपैंया ४ पैसा ।

जून पूँजीगत खर्च कूल बजेटको १८.४९ प्रतिशत हुन आउने सम्मानित गाँउ सभा समक्ष जानकारी गराउँदछु।

अध्यक्ष महोदय,

आ.व. २०७७।०७८ मा हुने प्रस्तावित आम्दानी निम्न बमोजिम हुने कुरा सम्मानित सभा समक्ष पेश गरेको छु ।

| आम्दानी तर्फ आ.व. २०७७।०७८ | | |
|---|---|---|
| क.सं. | शिर्षक | अनुमानित आय |
| १ | संघीयसरकार वित्तीय समानीकरण | ९,०४,००,००० |
| २ | संघीयसरकार शसर्त अनुदान | १२,३१,००,००० |
| ३ | संघीयसरकार विशेष अनुदान | ५०,००,००० |
| ४ | संघीयसरकार समपुरक अनुदान | २,४०,००,००० |
| ५ | संघीयसरकार राजश्व बाँडफाँड | ७,४७,८०,२१० |
| ६ | प्रदेशसरकार वित्तीय समानीकरण | १,२२,८१,००० |
| ७ | प्रदेशसरकार शसर्त अनुदान | ३०,००,००० |
| ८ | प्रदेशसरकार समपुरक अनुदान | ७०,००,००० |
| ९ | प्रदेशसरकार राजश्व बाँडफाँड | २६,१८,००० |
| १० | बेरुजु असुली | |
| ११ | आन्तरीकआम्दानी | ३०,००,००० |
| १२ | अल्याह | ३,६५,७५,००० |
| **जम्मा अनुमानित आय** | | **३८,१७,५४,२१०** |

कुल अनुमानित आम्दानी — ३८ करोड १७ लाख ५४ हजार २ सय १० रुपैया ।

अध्यक्ष महोदय,

माथि प्रस्तावित आम्दानी निम्नानुसारका शिर्षकमा खर्च गर्ने गरी विनियोजन गरेको छु ।

**विनियोजन तर्फ**

| | पालिका स्तरीय |
|---|---|
| पूर्वाधार विकास तर्फ | १०,१२,००,००० |
| आर्थिक विकास तर्फ | २०,००,००० |
| सामाजिक विकास तर्फ | ६०,००,००० |
| संस्थागत विकास तथा सूशासन (कार्यालय संचालन खर्च समेत) | ९,२०,८२,९५४ |
| विपद व्यवस्थापन | ८०,००,००० |
| अन्य | १,६८,७५,००० |

| | |
|---|---|
| वडागत विभाजन | ३,२४,९६,२५६ |
| शसर्त अनुदान तर्फ | १२,३१,००,००० |

**कुल अनुमानित खर्च ३८ करोड १७ लाख ५४ हजार २ सय १० रुपैया ।**

प्रशासनिक तथा चालू खर्च तर्फ संघ सरकारबाट प्राप्त राजश्व, प्रदेश सरकारबाट प्राप्त राजश्व शसर्त सहितर गाउँपालिकाको आन्तरीक आम्दानीको कूल लाई नबढने गरी कुल जम्मा २५ करोड २० लाख ५७ हजार ९ सय ५४ रुपैंयाशसर्त सहित रकम बिनियोजन गरेको छ्ु ।त्यसै गरी सामाजिक सूरक्षा रकम गा पा भित्रका जेष्ठ नागरीक, दलित जेष्ठ नागरीक तथा अन्य लाभाग्राहीलाई रकम बितरण गर्ने व्यवस्था मिलाएको छ्ु । त्यसै गरी प्रदेश समपूरक अनूदान धार्चे गा पा काशीगाउँमा निर्माण हुनेबहुस्तरीय सभाहलमा नै खर्च हुने व्यवस्था मिलाएको छु। त्यसै गरी संघ सरकारबाट प्राप्त हूने सशर्त अनूदान संघबाट प्राप्त कार्यक्रममा नै खर्च गर्ने व्यवस्था गरेको छ्ु । यसो गर्दा प्रशासनिक चालू खर्च बाहेक पूँजीगत खर्च कूल १२ करोड ९६ लाख ९६ हजार २ सय ५६ रुपैया बजेट बिनियोजन गरेको छ्ु । कोभिड १९ का कारण खाद्य संकटलाई टार्न एक वडा एक कृषि सहकारीलाई उत्पादन गरेवापत अनुदान दिने नीति कार्यक्रम अनुसार वडा स्तरमा पठाएको बजेट सिलिङबाट प्रति वडा रु। ५ लाखको दरले वडाबाट रकम विनियोजन गरियोस् भन्ने सम्मानीत सभामा प्रस्ताव राख्दछु ।

अध्यक्ष महोदय,
अन्तमा यस आ.व. को बजेट निर्माण गर्नको लागि सहयोग गर्नूहुने सम्मानित सभाका अध्यक्ष, गाउकार्यपालिकाका सदस्य, गाउसभाका सदस्य, राजश्व परामर्श समिति, कर्मचारी, अन्य संघ संस्थाहरु, समाजसेवी, बूद्धिजीवी लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग तथा सूझाब दिनू हूने व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै बजेट माथिको छलफल तथा सहजीकरणको लागि गाउ सभाका सम्पुर्ण सदस्य ज्युहरुको सकृय सहभागी भई सहयोग गर्नूहुने छ भन्दै बजेट प्रस्तूतीकरण यही अन्त भएको सम्मानित सभा समक्ष जानकारी गराउँदछु।

मिति २०७७ असार १० गते बुधबार ।

प्रस्तुतकर्ता
फुलमाया गुरुङ
उपाध्यक्ष